जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २६५ • २०८३ असार ३१ गते बुधवार • 15 Jul. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

# मधेस प्रदेशका गृहमन्त्रीको काम स्टन्टमै सीमित

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३० असार**



३ महिना अघि मधेस प्रदेशका गृहमन्त्री फकिरा महतो आफैँ सक्रिय रुपमा खटिएर जनकपुर नगरभित्रका मुख्य सडक पेटी र फुटपाथलाई अतिक्रमणमुक्त बनाएका थिए । उनी सडक पेटी र फुटपाथ कब्जा गरेर व्यापार व्यवसाय गर्नेहरुमाथि आक्रामक रुपमा प्रस्तुत भएका थिए ।


गृहमन्त्री नै सक्रिय भएर फिल्डमा उत्रिएपछि सडक छेउको फुटपाथ कब्जा गर्ने कतिपयले आफैँ ती क्षेत्र खाली गरे भने कतिपयलाई जबर्जस्ती खाली गराउन प्रहरी सक्रिय भएका थिए । परिणामस्वरुप जानकी मन्दिर वरपरका क्षेत्र, अस्पताल रोड, रामानन्द चोक, शिव चोक, जनक चोक, पिडारी चोक सफासुग्घर र व्यवस्थित भएसँगै यो मार्ग प्रयोग गर्ने धार्मिक पर्यटक, विद्यार्थी तथा सर्वसाधारणलाई निकै सहज भएको थियो। त्यसै पनि जनकपुर फोहरले बदनाम भएको सहर हो। स्थानीय तहले उचित ढंगबाट फोहर व्यवस्थापन गर्न नसक्दा नगरभित्र जहीँतहीँ फोहरको डङ्गुरमात्र देखिने गरेको छ । एकातर्फ फोहर र अर्कातर्फ सडक पेटी नै कब्जा गरेर व्यापार व्यवसाय गरिदिँदा पैदल यात्रीले समेत मूल सडक प्रयोग गर्नुपर्ने बाध्यता थियो, जसका कारण सवारी दुर्घटना पनि बढ्ने गरेको थियो । फुटपाथ र सडक पेटी अतिक्रमित भएकै कारण ईरिक्सा व्यवस्थापन हुन नसक्दा नगर क्षेत्रभित्र पैदल र साईकल यात्रुहरुको कन्तविजोग नै हुने गरेको थियो । जनकपुर उपमहानगरपालिका, उद्योग वाणिज्य संघ, जिल्ला प्रहरी कार्यालय र ट्राफिक प्रहरी कार्यालय लगायतका निकायसँगको समन्वयमा प्रदेश सरकारका गृहमन्त्री महतो आफैँ फिल्डमा उत्रिएपछि अतिक्रमित क्षेत्र खाली गराउन सफल भएका थिए ।

विश्वमै प्रख्यात जनकपुरको जानकी मन्दिरमा विगतको तुलनामा अहिले भारतीय पर्यटकको आवागमन निकै बढेको छ । दिनहुँ हजारौँको सङ्ख्यामा भक्तालुहरु मन्दिर दर्शन गर्न आउने गरेका छन् । मन्दिर नजिकको सडक पेटी विगतमा खाली गराइएका कारण निकै आकर्षक देखिनुका साथै मन्दिर दर्शन गर्न आउने दर्शनार्थीलाई समेत सहज भएको थियो। तर ३ महिना नबित्दै जनकपुरका फुटपाथ तथा सडक पेटी उही पुरानै ढर्रामा फर्किएका छन्। रामानन्द चोकदेखि जानकी मन्दिर जाने मूल बाटोमै जनकपुर प्रादेशिक अस्पताल छ। अस्पताल भएका कारण यो सडकमा निकै भिडभाड हुने गर्दछ। दिउँसो यो सडकखण्डमा सधैँ जाम हुन्छ । 'गृहमन्त्री महतो आफैँ सक्रिय भएर फिल्डमा खटिएपछि यो सडकको अवस्था निकै सुध्रिएको थियो', जनकपुर-१३ का ईरिक्सा चालक रामलाल पासवानले भने, 'अहिले यो सडकको अवस्था पुनः पुरानै अवस्थामा फर्किएको छ ।'

पासवानका अनुसार प्रदेशको गृहमन्त्री आफैँ सक्रिय भएर लागेपछि राम्रो भइसकेको कामलाई निरन्तरता दिलाउन नसक्नु उनकै कार्यक्षमता माथिको प्रश्न पनि हो । अहिले मुख्यगरी रामानन्द चोक, पिडारी चोक र अस्पताल रोडको सडकको आधा भाग नै कब्जा हुने गरी फलफूल, तरकारीका ठेलाले ढाकिएको हुन्छ । जसका कारण सडक भएर हिँडडुल गर्नेहरु समस्यामा पर्ने गरेका त छन् नै, सडकको व्यस्तता झनै बढेको छ। अस्पताल रोडमा सडकको दायाँबायाँ दर्जनौँको सङ्ख्यामा ४ पाङ्ग्रे ठेला बिहानैदेखि राति ८-९ बजेसम्म राखिएको हुन्छ । जनकपुरधाम उपमहानगरपालिका-१० देवी चोकका संजीव कर्णले भने, 'अहिले यो सडक भएर गृहमन्त्री हिँड्दैनन् होला र ? आफैँ सक्रिय भएर राम्रो भइसकेको अवस्थालाई निरन्तरता दिलाउन ध्यान दिनुपर्दैन ?' जनकपुरको भानु चोकमा भेटिएका एक सरकारी कर्मचारीले मधेसको सबैभन्दा कमजोर पक्ष भनेकै कुनै पनि कामलाई निरन्तरता नदिनु रहेको बताए । 'आफूलाई अब्बल देखाउन स्टन्टबाजीको रुपमा काम गर्ने, पछि त्यसलाई निरन्तरता दिलाउन नसक्ने मधेसको मुख्य समस्या हो,' उनले भने, 'राज्यले एकपटक गरिसकेको कामलाई निरन्तरता दिन नसक्नुमा अरुको भन्दा बढी दोष राज्यकै हुन्छ ।'

जनकपुर रेल्वे स्टेशनमा भेटिएका बब्लु गुप्ताले सरकार परिवर्तन भएको अवस्थामा पुरानो सरकारको कामलाई नयाँ सरकारले निरन्तरता नदिएका उदाहरण भए पनि आफैँले गरेका निर्णय र कामलाई सरकारले निरन्तरता दिन नसक्नु अनौठो रहेको बताए ।

'अनुगमन, नियमन गर्ने कुरामा मन्त्रीको सचिवालयमा बसेकाहरुले ध्यान दिनुपर्ने हो नि,' उनले भने। मधेस प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रायका प्रवक्ता राधेशंकर प्रसाद पालले भने, 'मन्त्रीज्यूको काममा जनकपुर उपमहानगर पालिकाका मेयरसाबले सहयोग गर्नुभएन ।





## गठित संसदीय विशेष कार्यदलद्वारा प्रदेशसभामा प्रतिवेदन पेश

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३० असार**




मधेश प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटलाई लिएर उत्पन्न राजनीतिक विवाद समाधानका लागि गठित संसदीय विशेष कार्यदलले आफ्नो प्रतिवेदन प्रदेशसभामा पेश गरेको छ । मंगलबार बसेको प्रदेशसभा बैठकमा कार्यदलका सदस्य तथा जसपा नेपालका सांसद उपेन्द्र महतोले १० बुँदे प्रतिवेदन प्रस्तुत गर्दै बजेट कार्यान्वयनलाई प्रभावकारी, पारदर्शी र विवादरहित बनाउन विभिन्न सुझाव दिएका हुन् । प्रतिवेदनमा मन्त्रालयअन्तर्गत रहेका पूर्वाधार विकास तथा निर्माण योजनाहरू सम्बन्धित जिल्लास्थित कार्यालयमार्फत कार्यान्वयन गराउने व्यवस्था गर्न सुझाव दिइएको छ।

यस्तै, स्रोत सुनिश्चित गरी बहुवर्षीय योजनाको नियमन तथा कार्यान्वयन अर्थ तथा प्राविधिक विज्ञ सम्मिलित समितिको प्रतिवेदनका आधारमा गर्नुपर्ने उल्लेख गरिएको छ। स्थानीय तहलाई प्रदान गरिने अन्तरसरकारी वित्तीय हस्तान्तरणअन्तर्गत विशेष अनुदानमा समावेश गरिएको पोषणयुक्त आहार वितरण कार्यक्रम स्थगन गरी आवश्यकताका आधारमा अन्य शीर्षकमा बजेट विनियोजन गर्न पनि कार्यदलले सिफारिस गरेको छ ।

प्रतिवेदनमा चालु आर्थिक वर्षमा सम्पन्न भए पनि भुक्तानी हुन बाँकी रहेका योजनाको रकम आगामी बजेटबाट उपलब्ध गराउने, स्थानीय तहले प्रदेश सरकारलाई बुझाउनुपर्ने राजस्व बढीमा पाँच किस्तामा बुझाउन सक्ने व्यवस्था मिलाउने तथा त्यसअनुसार प्रदेश सरकारले अनुदान उपलब्ध गराउने सुझाव पनि समेटिएको छ। त्यसैगरी, कमला पुल निर्माण योजनाका लागि आगामी आर्थिक वर्षमा थप बजेट विनियोजन गरी निर्माण कार्यलाई तीव्रता दिनुपर्ने विषय पनि प्रतिवेदनमा समावेश गरिएको छ । आगामी बजेटमा देखिएका विवाद समाधानका लागि गठित कार्यदलले सर्वसम्मत रूपमा प्रतिवेदन तयार पारेको सांसद महतोले प्रदेशसभा बैठकलाई जानकारी दिए ।

आगामी आर्थिक वर्षको बजेटमा असहमति जनाउँदै प्रमुख प्रतिपक्षी दल जसपा नेपाल र जनमत पार्टीले बजेट पुनर्लेखन वा संसदीय कार्यदल गठनको माग गर्दै प्रदेशसभा अवरुद्ध गरेका थिए । त्यसपछि गत २८ असारमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने सातवटै दलबाट एक/एक जना सांसद रहने गरी कार्यदल गठन गरिएको थियो । कार्यदलले गठन भएको दुई दिनभित्रै सर्वसम्मत प्रतिवेदन तयार गरी प्रदेशसभामा पेश गरेको हो ।

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रखरताको सूत्र
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# आत्मदाहको समाधान देऊ सरकार

कुनै नागरिकले आफ्नै शरीरमा आगो लगाउँदा केवल एउटा शरीर मात्रै जल्दैन । त्यो आगोले राज्यको उत्तरदायित्व, लोकतन्त्रको नैतिकता र समाजको सामूहिक विवेकलाई पनि जलाइरहेका हुन्छन । शरीर केही घण्टामै खरानी बन्छ, तर त्यसले उठाएका प्रश्नहरू दशकौँसम्म इतिहासको पानामा धुवाँझैँ तैरिरहन्छ । नेपालमा पछिल्ला वर्षहरूमा आत्मदाहका घटनाहरूले एउटा असहज प्रश्न बारम्बार उठाइरहेको छ, हामी किन यस्तो समाज बन्दै गइरहेका छौँ, जहाँ केही नागरिकलाई आफ्ना पीडा सुनाउन जीवित रहनुभन्दा मरेर बोल्नु प्रभावकारी लाग्न थालेका छन । आत्महत्या वा आत्मदाह निश्चय नै व्यक्तिगत निर्णय हुन्छ । त्यसलाई सामान्यीकरण गर्न वा कुनै पनि रूपमा महिमामण्डन गर्न मिल्दैन । तर समाजशास्त्र, मनोविज्ञान र राजनीतिक दर्शनले एउटा कुरा स्पष्ट रूपमा स्वीकार गर्छन्, धेरै आत्महत्याहरू केवल व्यक्तिगत मानसिक अवस्थाको परिणाम मात्र हुँदैनन्, ती सामाजिक असमानता, संस्थागत असफलता, अन्याय, अपमान, असुरक्षा र निराशाको पनि अभिव्यक्ति हुन सक्छ ।

त्यसैले यस्ता घटनालाई केवल व्यक्तिको कमजोरीमा सीमित गर्नु समाज र राज्य दुवैको जिम्मेवारीबाट भाग्नु हो । लोकतन्त्रको सबैभन्दा ठूलो शक्ति नागरिकको मत होइन, नागरिकको विश्वास रहेको देखिन्छ । नागरिकको भरोसा जोगाइराख्नु लोकतन्त्रको निरन्तर परीक्षा रहेको देखिन्छ । अन्तमा मानिसलाई तबसम्म संघर्ष गर्नुपर्छ जबसम्म आशा बाँकी हुन्छ । आत्मदाहको समाधान पक्कै पनि सरकारले दिन आवश्यक छ ।

# भंगहाका आठ विद्यालयमा डिजिटल सुरक्षा सम्बन्धी विद्यार्थी अभिमुखीकरण सम्पन्न: ३०९ जना विद्यार्थी लाभान्वित

**मो. इर्शाद**
**महोत्तरी, ३० असार**

गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोग तथा दलित समाज उत्थान समिति नेपाल, महोत्तरीको सहजीकरणमा सञ्चालित एकीकृत सामुदायिक विकास परियोजना (आईसीडीपी) अन्तर्गत भंगाहा नगरपालिकाका आठ वटा विद्यालयमा डिजिटल सुरक्षा सम्बन्धी विद्यार्थी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।



असार महिनाको अन्तिम सातामा सञ्चालन गरिएको कार्यक्रमको उद्देश्य बालबालिका तथा किशोर-किशोरीहरूमा मोबाइल फोन, इन्टरनेट र सामाजिक सञ्जालको बढ्दो प्रयोगलाई सुरक्षित, जिम्मेवार र सचेत बनाउनु रहेको आयोजकले जनाएको छ । अभिमुखीकरणमा मोबाइल तथा इन्टरनेटको जिम्मेवार प्रयोग, साइबर अपराधका विभिन्न स्वरूप, व्यक्तिगत सूचना तथा गोपनीयताको सुरक्षा, सामाजिक सञ्जालको सुरक्षित प्रयोग, अनलाइन ठगीबाट बच्ने उपाय, डिजिटल हिंसाको जोखिम तथा जिम्मेवार डिजिटल नागरिकका रूपमा अपनाउनुपर्ने व्यवहारका विषयमा जानकारी प्रदान गरिएको थियो । कार्यक्रममा परियोजनाका प्रतिनिधि, नेपाल प्रहरी, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थीहरूको सक्रिय सहभागिता रहेको थियो ।

स्थानीय प्रहरीले पछिल्लो समय बढ्दै गएको साइबर अपराधका घटनाबारे जानकारी गराउँदै डिजिटल माध्यमको प्रयोग गर्दा अपनाउनुपर्ने सावधानीका विषयमा उदाहरणसहित सहजीकरण गरेको थियो । साथै, विद्यार्थीहरूले आफ्ना जिज्ञासा विज्ञसमक्ष राख्दै प्रत्यक्ष अन्तरक्रिया गर्ने अवसरसमेत पाएका थिए । परियोजनाअन्तर्गत आठ विद्यालयमा सञ्चालन गरिएको उक्त कार्यक्रमबाट करिब ३०९ जना विद्यार्थी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।

सहभागीहरूले सुरक्षित इन्टरनेट प्रयोग, व्यक्तिगत विवरणको गोपनीयता कायम राख्ने तथा साइबर अपराधबाट जोगिने उपायबारे उपयोगी जानकारी प्राप्त भएको प्रतिक्रिया दिएका छन् । परियोजनाले आगामी दिनमा पनि विद्यालय तथा समुदायस्तरमा बाल संरक्षण, सुरक्षित डिजिटल अभ्यास, गुणस्तरीय शिक्षा तथा बालअधिकार प्रवर्द्धनसम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ ।

# फरार ८ जना प्रतिवादीलाई पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३० असार**

धनुषा प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय सुनाइएपछि फरार रहेका ८ जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार जिल्ला अदालत धनुषाको फैसला कार्यान्वयन अभियान अन्तर्गत फरार प्रतिवादीहरूको खोजतलास गर्ने क्रममा उनीहरूलाई पक्राउ गरिएको हो । पक्राउ परेकाहरूलाई आवश्यक कानुनी कारबाहीका लागि जिल्ला अदालत धनुषामा पेश गरिएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार पक्राउ परेकामध्ये चोरी मुद्दाका दुई जना प्रतिवादीलाई एक/एक महिना कैद र जनही एक लाख ४० हजार रुपैयाँ जरिवाना सजाय तोकिएको थियो । लागूऔषध सम्बन्धी मुद्दाका एक जनालाई सात दिन कैद र ७ सय रुपैयाँ जरिवाना तथा अर्को एक जनालाई २८ दिन कैद सजाय तोकिएको थियो । यस्तै, सवारी ज्यान मुद्दाका तीन जना प्रतिवादीलाई क्रमश: १३ दिन, १५ दिन र ९ दिन कैद तथा जनही २ हजार रुपैयाँ जरिवाना सजाय सुनाइएको थियो । वन पैदावर



ओसारपसार मुद्दाका दुई जनालाई जनही ९६ हजार २९७ रुपैयाँ जरिवाना तोकिएको थियो भने कुटपिट तथा लुटपिट मुद्दाका प्रतिवादीहरूलाई जनही ३ हजार रुपैयाँ जरिवाना सजाय भएको प्रहरीले जनाएको छ । धनुषा प्रहरीले अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादीको खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइने जनाएको छ ।

# डकैती गरेको घटनामा संलग्न तीन जनालाई प्रहरीद्वारा पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३० असार**

महोत्तरीको सोनमा गाउँपालिका-३ खखनामा गत जेठ २० गते पतिपत्नीमाथि गोली प्रहार गरी डकैती गरेको घटनामा संलग्न तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सम्सी गाउँपालिका-६ निवासी २१ वर्षीय अपरोज शेष, २४ वर्षीय शेष बारिक तथा गौशाला नगरपालिका-५ का क्रिशकुमार मेस्तर रहेका छन् । जिल्ला प्रहरी कार्यालय महोत्तरीले मंगलबार पत्रकार सम्मेलन गर्दै उनीहरूलाई सार्वजनिक गरेको हो ।

प्रहरीका अनुसार पक्राउ परेकासहितको डाँका समूहले स्थानीय रामविश्वास यादवको घरमा राति प्रवेश गरी लुटपाट गर्ने क्रममा घरमा सुतिरहेका उनकी छोरी किरण यादव र ज्वाइँ ईश्वरनारायण यादवमाथि गोली प्रहार गरेको थियो । घटनामा किरण यादवको खुट्टामा दुई गोली लागेको थियो भने ईश्वरनारायण यादवको दाहिने हातमा एक गोली लागेको थियो । घाइते दुवै जनाको उपचारपछि स्वास्थ्य अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

प्रहरीले घटनामा प्रयोग भएका हतियार तथा अन्य प्रमाणका विषयमा अनुसन्धान जारी रहेको जनाएको छ । साथै, घटनामा संलग्न अन्य फरार व्यक्तिहरूको खोजी तीव्र पारिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जानकारी दिएको छ ।

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: पढाईमा ध्यान दिनुपर्ने
मिथून: पिछडेको साथी मिल्न
कर्कट: लामो यात्राको योग छ
सिंह: अनावश्यक चिन्ता
कन्या: विचार गरेर बोल्नुहोला
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मनमा पछुतो आउने
धनु: मित्रतामा फाटो आउने
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: खानपानमा समस्या आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# भारत-अमेरिका सम्बन्ध: असफल हुन छुट छैन, विश्वास गर्न धेरै जटिल



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३० असार**

भारतको संयुक्त राज्य अमेरिकासँगको वर्तमान सम्बन्धलाई परम्परागत भूराजनीतिक हिसाबले वर्गीकृत गर्न अत्यन्तै गाह्रो छ। यो न त यसको परम्परागत रूपमा गठबन्धन हो, न त यो प्रत्यक्ष प्रतिद्वन्द्विताको श्रेणीमा फिट हुन्छ । र यो रणनीतिक आत्मीयताले चिन्हित मित्रता होइन ।

भारत-अमेरिका सम्बन्धले अजिब र अस्पष्ट ठाउँ ओगटेको छ । मध्य पूर्वमा हाले भएको द्वन्द्वले तीव्र रूपमा फरक क्षेत्रीय प्राथमिकताहरूको कारणले गर्दा हुने अन्तर्निहित तनावलाई मात्र बढाएको छ। तैपनि, उदीयमान गठबन्धन वा भत्किने गठबन्धनको सुविधाजनक कथा खोज्ने जो कोही पनि निराश हुनेछन् । सम्बन्धलाई बिगार्ने पछिल्लो घटनाबाट सुरु गरौं। जुन ८ र जुन ११ को बीचमा, हर्मुज जलडमरूको नजिकै कार्यरत अमेरिकी सैन्य बलहरूले संवेदनशील क्षेत्र हुँदै यात्रा गर्ने धेरै जहाजहरूमा आक्रमण गरे। यी जहाजहरू मध्ये एक तेल ट्याङ्कर एमटी सेटेबेलो थियो, जसमा दुई दर्जन भारतीय नाविकहरू थिए । दुर्भाग्यवश, अमेरिकी सैन्य कारबाहीको परिणामस्वरूप तीन भारतीयहरूको मृत्यु भयो । एउटा छुट्टै घटनामा, अर्का भारतीय नाविकको स्वतन्त्र रूपमा चिकित्सा जटिलताका कारण मृत्यु भयो र अमेरिकी नाकाबन्दीका कारण उनको शरीर अलपत्र जहाजमै कुहिन पुग्यो, जसले गर्दा उनलाई बाहिर निकाल्न असम्भव भयो । जब भारतको विदेश मन्त्रालयले यस विषयमा अमेरिकी चार्ज डी'अफेयर्सलाई बोलायो, रुरुअमेरिकी विदेश सचिव मार्को रुबियोले जवाफ दिए कि संयुक्त राज्य अमेरिकाले "इरानी तेलको अवैध ढुवानी" लाई अनुमति दिने छैन । उनले थपे कि "सबै व्यावसायिक जहाजहरूले तुरुन्तै अमेरिकी सेनाको आदेश पालना गर्नुपर्छ ।"

अमेरिकी प्रतिक्रियाले नयाँ दिल्लीमा धेरैलाई रिस उठाएको छ र राम्रो कारणले पनि। रणनीतिक साझेदारको रूपमा प्रस्तुत गरिएको देशद्वारा भारतीय नागरिकहरूको मृत्यु, चाहे त्यो उद्देश्यले होस् वा नहोस्, केवल कानुनी तर्क र कूटनीतिक बहानाबाजीले पन्छाउन सजिलो छैन । धेरै भारतीयहरूको लागि दिमागमा आउने पहिलो तुलनाले असहज समानान्तर बनाउँछ: बेलग्रेडमा रहेको आफ्नो दूतावासमा १९९९ मा नेटोको आक्रमणप्रति चीनको प्रतिक्रिया, जसमा तीन चिनियाँ नागरिक मारिएका थिए। त्यति बेला, चिनियाँहरूले संयुक्त राज्य अमेरिकाको सामना गर्न थोरै मात्र गर्न सक्थे, तर तिनीहरूले राष्ट्रपति बिल क्लिन्टनलाई सार्वजनिक रूपमा माफी माग्न र ४३२.५ मिलियन क्षतिपूर्ति लिन सफल भए। अहिलेसम्म, भारत दुवैमा सफल भएको छैन। टिप्पणीकारहरू वा विपक्षी राजनीतिज्ञहरूमा भिन्नता हराएको छैन ।

एउटा जायज प्रश्न उठ्छः के भारतको धेरै प्रशंसा गरिएको "रणनीतिक स्वायत्तता" ले नयाँ दिल्लीलाई कुनै लाभ दिन्छ ? स्पष्ट रूपमा भन्नुपर्दा, इमानदार जवाफ हुनेछः धेरै छैन। भारतले पहिलेभन्दा आफ्नो दृष्टिकोणमा बढी लचिलो हुन आवश्यक परेको बेला, उसले आफूलाई रुसी सैन्य उपकरण, अमेरिकी उन्नत प्रविधि, चिनियाँ निर्मित भागहरू र खाडी ऊर्जा आयातमा निर्भरताले सिर्जना गरेको बन्धनमा फसेको पाउँछ। यद्यपि, यी विकासहरूलाई भारत-अमेरिका साझेदारीको सङ्केतको रूपमा व्याख्या गर्नु पनि गलत हो। धेरैले क्वाडलाई अप्रचलित प्लेटफर्मको रूपमा रद्द गरेका छन्, तर मे महिनामा नयाँ दिल्लीमा भएको विदेश मन्त्रीहरूको बैठकले आँखाले देखेको भन्दा धेरै कुराहरू लिएर आयो। अस्ट्रेलिया, भारत, जापान र संयुक्त राज्य अमेरिकाका विदेश मन्त्रीहरूले निरन्तर महाशक्ति प्रतिस्पर्धाको युगमा व्यावहारिक सहयोग र रणनीतिक निरन्तरतामा जोड दिए। महत्त्वपूर्ण खनिज आपूर्ति शृङ्खला, समुद्री निगरानी, रुरुसमुद्रमुनि केबल, साइबर अपराध र फिजीमा बन्दरगाहहरूको विकासमा सहयोग आकर्षक विषयहरू नहुन सक्छन् । यद्यपि, तिनीहरूले राम्रोसँग काम गर्ने साझेदारीले के गर्नुपर्छ भनेर प्रतिनिधित्व गर्छन्। सायद यहाँको कुरा यो हो कि क्वाडले डेलिभरीमा बढी र बयानमा कम ध्यान केन्द्रित गर्नुपर्छ । भारत र संयुक्त राज्य अमेरिका सुरुमा किन एकसाथ आए भन्ने कुरा पनि सम्झनु पर्छ। सम्बन्धको संरचनात्मक गतिशीलता लगभग अपरिवर्तित रहेको छ ।

# खाद्य स्वच्छता प्रवर्द्धनमा जोड, प्रति जैविक प्रतिरोध नियन्त्रणका लागि बहु-क्षेत्रीय सहकार्य आवश्यक

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, ३० असार**

खाद्य स्वच्छता प्रवर्द्धन तथा खाद्य पदार्थ जन्य प्रति जैविक प्रतिरोध (Food–borne Antimicrobial Resistance–AMR) न्यूनीकरणका लागि बहु-क्षेत्रीय सहकार्यलाई सुदृढ बनाउने उद्देश्यले जनकपुरधाममा सचेतना कार्यक्रम आज मंगल बार सम्पन्न भएको छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय (DFTQC), धनुषाले संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (FAO) नेपालको सहयोगमा आयोजना गरेको कार्यक्रममा खाद्य स्वच्छता, सुरक्षित खाद्य प्रणाली, प्रति जैविक औषधिको विवेकपूर्ण प्रयोग तथा इलम ज्वबतिज अवधारणाअनुसार मानव, पशु र वातावरणीय स्वास्थ्य बीच समन्वयको आवश्यकता औंल्याइएको थियो। कार्यक्रममा एफएओ नेपालका डा. साकार शिवाकोटीले खाद्य जन्य प्रतिजैविक प्रतिरोधसम्बन्धी परि योजनाको प्रगति, राष्ट्रिय तथा मधेश प्रदेशको AMR अवस्था, चुनौती र आगामी कार्यदिशा बारे प्रस्तुति दिनुभयो। उहाँले मानव, पशु, खाद्य र वातावरण बीच समन्वित प्रयास तथा सरकारी निकाय, विकास साझेदार र सरोकारवालाबीच सहकार्य सुदृढ बनाउनुपर्नेमा जोड दिएका थए। प्रमुख अतिथि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. सञ्जय कुमार यादवले प्रतिजैविक औषधिको सुरक्षित, जिम्मेवार र आवश्यक पर्दा मात्र प्रयोग गर्नुपर्ने बताउँदै AMR विश्वव्यापी जनस्वास्थ्य चुनौतीका रूपमा विकसित भइरहेको उल्लेख गर्नुभयो। यसको नियन्त्रणका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ थियो। विशेष अतिथि धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुईटेलले खाद्य सुरक्षा सुनिश्चित गर्न प्रतिजैविक औषधिको विवेकपूर्ण प्रयोग र रोकथाममुखी अभ्यासलाई प्राथमिकता दिनुपर्नेमा जोड दिँदै



नियामक निकाय, स्थानीय तह, निजी क्षेत्र, उत्पादक र उपभोक्ता बीच समन्वय आवश्यक रहेको बताउनुभयो। कार्यक्रमको मुख्य आकर्षणका रूपमा आयोजित प्यानल छलफलमा खाद्य सुरक्षा, प्रतिजैविक औषधिको जिम्मेवार प्रयोग, उपभोक्ता अधिकार, इलभ ज्वबतिज अवधारणा, खाद्य स्वच्छता ऐन-२०८१ को प्रभावकारी कार्यान्वयन, एकीकृत निगरानी प्रणाली तथा अन्तरनिकाय समन्वयका विषयमा गहन छलफल भएको थियो। सहभागीहरूले AMR मानव स्वास्थ्य, पशु स्वास्थ्य, खाद्य सुरक्षा र वातावरणसँग जोडिएको साझा चुनौती भएकाले सबै क्षेत्रको संयुक्त प्रयास अपरिहार्य रहेको निष्कर्ष निकाले।

# गोल्डेन बुट अवार्डको होड अन्तिम खेलसम्म

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३० असार**

विश्वकप फुटबल अहिले सेमिफाइनल चरणमा प्रवेश गरेको छ। यतिबेला उपाधिको होड मात्र कायम छैन, प्रतियोगितामै सबैभन्दा बढी गोल गर्ने कसले हो, त्यसको पनि चर्को प्रतिस्पर्धा चलिरहेको छ। हुनसक्छ, यसको टुंगो फाइनलसँगै लाग्नेछ। गोल्डेन बुट अवार्डको होडले पूरा प्रतियोगितालाई नै रोमाञ्चक बनाएको छ।

अहिले प्रतियोगितामा ४ टिमको मात्र चुनौती कायम छ। अबका खेलको नतिजा जस्तै रहे पनि प्रत्येक टिमले समान २ खेल खेल्नेछन्। सेमिफाइनलसँगै कि त फाइनल, होइन भने तेस्रो स्थानको खेल। यिनै चार टिमका खेलाडीबीच नै विश्वकपको सबैभन्दा प्रतिष्ठित व्यक्तिगत अवार्डका लागि होड चर्को छ। यसअघिका विश्वकपको तुलनामा बढी गोल गर्ने खेलाडीको



प्रतिस्पर्धा यसपल्ट नजिकको दूरीबाट चलिरहेको छ। अब बाँकी खेलमा हुने प्रत्येक गोलले प्रतियोगितामा सर्वाधिक गोलकर्ताको सूची तलमाथि हुन सक्नेछ। फ्रान्सका केलियन एमबाप्पेले यसै विश्वकपबाट फेरि एकपल्ट प्रमाणित गरेका छन्। आफू नै अबको विश्वकपको सबैभन्दा ठूला स्टार हुनेछन् भनेर। उनको तीव्र गति, शक्तिशाली प्रहार र दबाबमा उच्च प्रदर्शन गर्न सक्ने क्षमताका कारण उनी नै सर्वाधिक गोलकर्ताको होडमा अगाडि छन्। उनले ८ गोल गरिसकेका छन्। एमबाप्पेको बराबरीमा छन्, अर्जेन्टिनी कप्तान लियोनल मेसी। यी भेट्रान खेलाडीले आफ्नो टिमका लागि यस विश्वकपमा एक खेल छाडेर सबैमा गोल गरेका छन्। उनले विश्वकपको सुरुआती नै ह्याट्रिकसँगै गरेका थिए।

उनी नै विश्वकप इतिहासमा सर्वाधिक गोलकर्ता हुन्, उनले समग्रमा २१ गोल गरिसकेका छन्। यसमा भने २) गोलसहित एमबाप्पे दोस्रो स्थानमा छन्। इङ्ल्यान्डका तर्फबाट दुई खेलाडी सर्वाधिक गोलकर्ताको होडमा छन्। तिनीहरू कप्तान ह्यारी केन र जुड बेलिङ्म छन्। दुवैले समान ६ गोल गरेका छन्।

# सर्वोच्च अदालतको फैसलालाई महासंघद्वारा स्वागत




**ओपि साह**
**जनकपुरधाम, ३० असार**

निजी र सामुदायिक सञ्चारमाध्यमलाई आर्थिक नाकाबन्दी लगाउने गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले २०८२ चैत १८ गते गरेको निर्णय र परिपत्र खारेज गर्ने सर्वोच्च अदालतको फैसलाको नेपाल पत्रकार महासंघले स्वागत गरेको छ। न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले असार ३० गते मंगलबार तीन तहको सरकारी विज्ञापन र सार्वजनिक सूचना सरकारी सञ्चारमाध्यमलाईमात्र दिने विभेदकारी निर्णय उत्प्रेषणको आदेशद्वारा खारेज गरेबाट पत्रकारिता जगतले न्यायको अनुभूति गरेको छ। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, संघीयता र उदार अर्थ नीति विपरित हुने गरी भएको सरकारी निर्णय खारेजीको माग गर्दै महासंघ तीन महिनादेखि निरन्तर आन्दोलनमा थियो।

यही असार २१ गते राजधानीमा भएको महासंघको राष्ट्रिय सम्मेलनले सरकारले एक साताभित्र निर्णय खारेज नगरे सिंहदरबार केन्द्रित आन्दोलन गर्ने र अन्तर्राष्ट्रिय मिडिया मिसन बोलाउन अग्रसर हुने निर्णय लिएको थियो।

उक्त निर्णय खारेजीले महासंघको आन्दोलनले परिणाम प्राप्त भएको छ। आन्दोलनमा साथ र सहयोग गर्ने सबैप्रति महासंघले धन्यवाद ज्ञापन गरेको छ। महासंघले प्रेस विज्ञप्ति मार्फत अदालतको फैसला अक्षरस पालना गर्न नेपाल सरकारसँग माग समेत गरेको छ।

# सडक डिभिजन कार्यालय लहानको ध्यानाकर्षण

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, ३० असार**

सप्तरीको प्रसिद्ध धार्मिक तथा पर्यटकीय गन्तव्य छिन्नमस्ता शक्तिपीठ जाने पहुँचमार्ग जीर्ण बन्दै गएपछि छिन्नमस्ता गाउँपालिकाले सडक डिभिजन कार्यालय लहानको ध्यानाकर्षण गराएको छ। गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले सडक डिभिजन कार्यालयलाई पत्राचार गर्दै करिब तीन दशकदेखि निर्माण प्रक्रियामै अल्झिएको उक्त सडकको तत्काल मर्मत सम्भार गरी स्थायी निर्माण कार्य अघि बढाउन आग्रह गरेका छन्।

गाउँपालिकाका अनुसार छिन्नमस्ता शक्तिपीठमा नेपाल र भारतबाट प्रत्येक वर्ष २५ देखि ३) लाखसम्म श्रद्धालु दर्शनका



लागि पुग्ने गर्छन्। तर, सडकको दयनीय अवस्थाका कारण यात्रुहरूले सास्ती खेप्नुका साथै दुर्घटनाको जोखिम पनि बढ्दै गएको छ। यसले स्थानीय व्यापार, कृषि तथा सेवा प्रवाहसमेत प्रभावित भएको गाउँपालिकाको भनाइ छ। वर्षायामसँगै सडकमा बनेका खाल्डाखुल्डी र हिलोका कारण आवागमन थप कठिन र जोखिमपूर्ण बनेको उल्लेख गर्दै गाउँपालिकाले तत्काल ग्राभेलिङ, ढल निकासको उचित व्यवस्था तथा आवश्यक मर्मत कार्य गर्न माग गरेको छ। अध्यक्ष चौधरीले सार्वजनिक सुरक्षालाई प्राथमिकतामा राख्दै प्रशासनिक तथा प्राविधिक प्रक्रिया शीघ्र टुंग्याएर नयाँ ठेक्कामार्फत स्थायी सडक निर्माण सुरु गर्न सडक डिभिजन कार्यालयसँग अनुरोध गरेका छन्। गाउँपालिकाले धार्मिक पर्यटन प्रवर्द्धन र स्थानीय जनजीवन सहज बनाउन सडकको स्तरोन्नति अपरिहार्य रहेको समेत जनाएको छ।

